संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**बितरक चाहियो**

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो । सम्पर्क - ९८४२९८५१८८

बर्ष-१५, अंक ३३२ असार ७ सोमबार ,२०७८, June – 21 Monday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. ५/- www.majhkharka.com



**बुढेसकालको सहारा ।** उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको ग्लोबल आई एम ई बैङ्कमा बृद्धभत्ता लिने पर्खाइमा त्रियुगा नगरपालिका ११ चप्पनका ७८ बर्षिय कुलबहादुर खत्री र ७१ बर्षिय घनश्याम ठकुरी । *तस्बिर - बुद्धि कुमार राई*

# मेयर चौधरीद्वारा १३ नं. वडाको निरीक्षण

❖ बुद्धिकुमार राई

*त्रियुगा, असार ६*

त्रियुगा नगरपालिका वडा नं. १३ उदयपुरको सबै बिकास निर्माणको योजनाहरुको आईतबार नगरप्रमुख मेयर बलदेब चौधरीले निरिक्षण गरेका छन् ।



वडा नम्बर १३ पुरानो गाईघाट, असारी, बहेडवाका वडाध्यक्ष पशुपति चौधरी सहित मेयर चौधरीले वडाका सबै आयोजनाहरुको पछिल्लो समयको बिकास निर्माणको आयोजनाहरुको निरिक्षण अनुमगन गरेका हुन् ।

वडाको आयोजनामा मेयर बलदेव चौधरी, वडाध्यक्ष पशुपती चौधरी, टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधि, नागरिक समाज, पत्रकारको टोलीबाट हवाईफिल्ड क्षेत्रमा निर्मित कृषि बजार केन्द्र, थरुहट रंगशाला, मदन भण्डारी स्मृति सभाहल, पूर्वपश्चिम बरुवा बसपार्कको अनुगमन गरेका थिए । वडाको आयोजनाका साथै वडा अन्तर्गतका टोल विकास संस्थाहरुमा भएका सडक स्तरउन्नती, नयाँ ट्रयाक, नाली, विजुली, सडकबत्ती, मठमन्दिर, विद्यालय सहयोग, सिचाइ जस्ता कामहरुको अनुगमन गरिएको वडाध्यक्ष पशुपती चौधरीले बताईन ।

## सगरमाथा डिपाटमेन्ट

स्टोर, गाईघाट, उदयपुर




सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामान्हरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर

प्रोपाइटर - **किरण चामलिङ राई**

## आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि एक सय मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर ईच्छुक ब्याक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

# उदयपुरका स्वास्थ्यकर्मी डब्लुएचओको नजरमा

❖ महेश्वर चामलिङ

*उदयपुर, असार ६*

कोविड कहरविरुद्ध दत्तचित्त भएर खट्ने उदयपुरका एक स्वास्थ्यकर्मीमाथि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को नजर परेको छ । डब्लुएचओका महानिर्देशक टेड्रोस अधनोम घेब्रेससले बिकट जिल्ला मुस्ताङमा स्वास्थ्यकर्मीहरुले कोविड खोप पुल नभएको खोलामा लठ्ठीको सहाराले तार्नेमध्येका एक त्रियुगा नगरपालिका २ मोथियाहीका अहेव सीताराम कार्कीलगायत स्वास्थ्यकर्मीको प्रशंसा गरेका हुन् ।

महानिर्देशक घेब्रेससले बिकट मुस्ताङको छाक्ताङ खोलामा बाढी आइरहेका बेला लठ्ठीको सहाराले कोविडविरुद्धको खोप तार्दै गरेको भिडियो रिट्वीत गर्दै प्रशंसा गरेका हुन् । महामारीको चपेटामा खट्ने वास्तविक हिरोहरुले खोप नपाएकोमा पनि महानिर्देशक धेब्रेससले चिन्ता व्यक्त गरेका छन् । पुल नभएको खोलामा बाढी आईरहेका बेला लठ्ठीको साहाराले खोप बोक्ने बाकस तार्दै गरेको भिडियोमा रिट्वीट गर्दै घेब्रेससले जनताको स्वास्थ्यप्रति प्रतिबद्ध भएकोमा स्वास्थ्यकर्मीको मुक्त कण्ठले प्रशंसा गरेका हुन्।

मुस्ताङमा बाढी आएको छाक्ताङ खोलामा स्वास्थ्यकर्मीहरुले लट्ठीको सहायताले खोपको बाकस तार्दै गरेको भिडियो केहीदिनयता सामाजिक सञ्जालमा भाइरल भएको थियो। सोही भिडियोमा रिट्वीट गर्दै महानिर्देशक घेब्रेससले कोविडविरुद्ध आफ्नो ज्यानको बाजी लगाएर खटिरहेका 'रियल हिरो' स्वास्थ्यकर्मीहरुले नै खोप नपाएकोमा घेब्रेसररले गुनासो पनि गरेका छन् । आफ्नो शक्ति कर्तव्यले भ्याएसम्म खोपको समान वितरण गर्नुपर्नेमा पनि घेब्रेसरले जोड दिएका छन् ।

खोपको विकास भईरहेको प्रारम्भिक दिनमै खोपको समान वितरण गर्नुपर्नेमा डब्लूएचओको गम्भीर ध्यानाकर्षण भएको महानिर्देशक घेब्रेससले बताएका छन् । खोपले धनी र गरिव देशबीच गहिरो खाडल हुनसक्ने भन्दै उनले त्यसतर्फ ध्यान दिन पनि सम्बन्धित पक्षलाई आग्रह गरेका छन् ।

सामाजिक सञ्जालमा केही दिनअघि सार्वजनिक मुस्ताङको सो भिडियो यतिबेला विश्वभर चर्चाको शिखरमा रहेको छ । नेपाली सञ्चारमाध्याम र केही अन्तर्राष्ट्रिय मिडियाले समेत यसबारे समाचार बनाएका छन् । तर, कोविडविरुद्धका यस्ता नायकहरुले नै अहिलेसम्म खोप नपाएकोमा महानिर्देशक धेबेससले गुनासो गरेका छन् ।

## उदयपुरमा २५ थपिदा २७ जना निको भए

❖ मुलुकी संवाद्दाता

*गाईघाट, असार ६*

पछिल्लो समय उदयपुरमा कोविड नियन्त्रणमा आउने प्रयास जारी छ । जिल्लाको अधिकांश पालिमाहरुमा कोवड नियन्त्रणको लागि हर प्रयास गरिरहेका छन् । जिल्लाका स्वास्थ्य संस्थाहरु कोविड नियन्त्रणको लागि भन्दै अहिले स्थानीय अधिकारीहरु संग दैनिक रुपमा छलफल बैठकमा लागिरहेका छन् । स्वास्थ्य सामाग्री सहयोग लिने क्रम पनि जारी छ ।

यसैबीच पछिल्लो २४ घण्टामा उदयपुरमा २५ जना नयाँ संक्रमित थपिएका छन् । जिल्लाको दौदण्डीगढी नगरपालिकामा १० महिलासहित १८ जना र ताप्ली गाउँपालिकामा ३ महिलासहित ७ जना नयाँ संक्रमित थपिएका हुन् ।

यो ससहित उदयपुरमा सक्रीय संक्रमितको संख्या ४ सय ४० मा झरेको छ । जसमा महिला संख्या २ सय ५ रहेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । उनीहरुको उदयपुर कोविड अस्पताल बेलटार, आँखा अस्पताल गाईघाट र होमसोलेसनमा उपचार भईरहेको स्वास्थ्यले जनाएको छ।



### असार ६ गत्ते आईतबारबार गाईघाटको तरकारी बजार भाउ

| | | |
|---|---|---|
| १, | आलु | रु ४० |
| २, | अदुवा | रु १०० |
| ३, | टमाटर | रु ८० |
| ४, | बन्दा | रु ५० |
| ५, | भेन्टा | रु ६० |
| ६, | खुर्सानी | रु १०० |
| ७, | मुला | रु ६० |
| ८, | पर्वल | रु ७०-८० |
| ९, | तितेकरेला | रु८० |
| १०, | भिन्डी | रु ८० |
| ११, | च्याउ | रु २०० |
| १२, | फुलकोबी | रु १०० |
| १३, | फर्सि | रु ५० |
| १४, | कटहर | रु ४० |
| १५, | काक्रा | रु ५० |
| १६, | धनियाँ | रु ८० |
| १७, | लोकलबोडि | रु ८० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु १०० |
| २०, | लट्टे साग | रु ६० |
| २१, | प्याज | रु ६० |
| २२, | निगुरो | रु २५ |
| २३, | दुध | रु ७० |
| २४, | दहि | रु ९० |
| २५, | महि | रु ५० |
| २६, | घिउ | रु ७०० |
| २७, | रागाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसिको मासु | रु १००० |
| ३०, | कुखुराको मासु | रु ३२० |




एस एण्ड एस सप्लायर्स

त्रिनपा - १० बोक्से यलम्बरटोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ । साथै राँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ ।

प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२



मदन भण्डारी राजमार्ग

योजना कार्यालय गाईघाट

सार्वजनिक महत्वको सूचना !

सार्वजनिक सडकमा निर्वाधरुपमा आवागमन गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवं सुरक्षा गर्नु पनि हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर टहरालगायतका अस्थायी एवं स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने, सडक सीमाभित्र निर्माण सामग्रीहरु थुपार्ने कार्य, फोहोर मैला डम्प गर्ने कार्य, सडकमा नै सवारी साधनहरु धुने आदि कार्य नगरिदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाईपलाईनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु सहयोग गरिदिनु हुन सबै सरोकारवाला व्यक्ति तथा निकायलाई हार्दिक अनुरोध गर्दछौं ।

आयोजना प्रमुख





हामी सबैको । रोजाइ रौता साबुन ॥














# नगरपालिकाले दिएको सोलारले खाँबुबासी खुशी

❖ बेद कुमारी राई

*त्रियुगा, असार ६*

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर १५ खाँबुमा त्रियुगा नगरपालिकाले बितरण गरेको ९ वटा सडक सोलार बत्तीले सडकमा रातिको समयमा सडक र गाउँमा उज्यालो दिदा स्थानिय खुशी भएका छन ।

खाँबुको विभिन्न टोलमा अहिले ९ वटा सडक सोलार बत्ती हरु छ । सगरमाथा लोकमार्गको गाईघाट दिक्तेल सडकको २८ किलोमिटरदेखि ४४ किलोमिटर सडकसम्म वडा नम्बर १५ को खाँबु पर्दछ ।

जसमा बाखखोर, तोरिबारी,हुवासमा १-१ वटा सोलार बत्ती छ भने रानिबास, दहर र छामलिङमा दुई- दुई वटा गरेर ९ वटा सडक सोलार बत्ती जडान गरिएको छ। छामलिङको सुनकोशि चोक र डल्ले खेतमा दुई ठाउँमा सडक सोलार बत्ति राखिएको छ । सडक्मा रात परेपछी उज्यालो हुने भएकाले आपनूहरु खुशी रहेको छामलिङका बिनोद राईले बताए ।

अहिले सोलार बत्तीको कारण वडालाइनै उज्यालोमय बनाएको वडा अध्यक्ष नीर बहादुर मगरले बताए ।



*त्रियुगा नगरपालिकाले दिएको बिकास* । उदयपुरको त्रियुगा नगरपालिकाले आफनो १६ वटै वडाहरुमा सोलार सडक बत्तीहरु बाँड्ने क्रममा नगरपालिकाको वडा नम्बर १५ खाँबु छामलिङ सुनकोशी चोकमा दिएको सोलार सडक बत्ती । (गाईघाट - दिक्तेल) सगरमाथा राजमार्ग अर्न्तगत ४३ किलोमिटरमा यो सुनकोशी चोक छामलिङ खाँबुमा पर्दछ। सडक सोलार बत्तीले विधुत नहुँदा पनि रातीको समयमा उज्यालो दिने गरेकाले रातीको समयमा सडक्मा हिन्ने यात्रुबाहक, मालबाहक सवारीहरुलाई फाईदा मिलेको छ । तस्बिर - बुद्धि कुमार राई

# सुन किन सस्तो भयो ?

❖ मुलुकी संवाद्दाता

*गाईघाट, असार ६*

सुन चाँदीको भाउ केही दिनदेखी निरन्तर ओरालो लागिरहेको छ। सुन चाँदीको भाउँमा आईतबार पनि भारी गिरावट भएको छ।

आईतबार सुनको मूल्य तोलामा आठ सय रुपैयाँले घटेको थियो । शुक्रबार तोलामा ९० हजार आठ सय रुपैयाँमा कारोबार भएको सुन आईतबार आठ सयले घटेर ९० हजार कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । सुनको भाउ बिहिबार तोलामा एक हजार एक सय रुपैयाँले घटेर तोलाको ९२ हजार रुपैयाँमा झरेको थियो । त्यस्तै गएको बुधवार सुन तोलाको ९३



हजार एक सय रुपैयाँमा कारोबार भएको थियो ।

आईतबार चाँदीको भाउँमा पनि गिरावट आएको छ ।चाँदी तोलामा १५ रुपैयाँले घटेको छ । शुक्रबार तोलाको १३ सय पाँच रुपैयाँमा कारोबार भएको चाँदी आईतबार १२ सय ९० रुपैयाँमा झरेको महासंघले जनाएको छ ।







प्रोपाईटर - **अगम चामलिङ राई**, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर । स्थान- गाईघाट मुख्य चोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा। एनएमबी बैड्क अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ ।

डिभिजन वन कार्यालय
त्रिबेणी, उदयपुर

"रुख बिरुवा रोपौं, वन जोगाऔं, हरियाली बचाऔं, जलवायु परिवर्तन हुनबाट रोकेर सम्पूर्ण मानव सभ्यताको रक्षा गरौं ।"

डिभिजन वन अधिकृत




प्रोपाइटर - कैलाश चामलिङ राई ।
सम्पर्क - ९८६२८३४६५६ ९८४२९८३५१०

# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किरणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।
सम्पर्क - ९८६८१९८५२४ / ९८०२२१५२९६ प्रोपाइटर - **भरत चामलिङ राई**




त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, प्रोपाइटरः-**थमान चामलिङ राई** सम्पर्कः- ९८४२९७५८७७, ९८१९७३८६८३

त्रिनपा -११ गाईघाट, असार िरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसंगै जोडिएकोप्रोपाइटर बिनोदकुमार पाण्डे
सम्पर्क- ९८५२८३०५८२



**पाण्डे श्री सप्लायर्स & ट्रेडर्स**

यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।

